# विराटनगर महानगरपालिका

बैठक संख्या: १९ | बैठक प्रारम्भ: विहान ८:०० बजे
मिति: २०७५/०३/०९ | बैठक स्थगन: : १।३०

विराटनगर महानगरपालिकाका नगर प्रमुख श्री भीम पराजुली ज्युको अध्यक्षतामा आज विराटनगर महानगरपालिका नगरकार्यपालिकाको वैठक बसी निम्न उपस्थितिमा निम्नलिखित निर्णय गरियो ।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उपप्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | सदस्य | श्री उद्धव अर्याल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री बिनोद कुमार बस्नेत | |
| ६ | सदस्य | श्री देबेन्द्रराज पोखरेल | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री बिजय कामत | |
| ९ | सदस्य | श्री मधूबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भगत | |
| १२ | सदस्य | श्री माधवराज वाग्ले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | श्री झरीलाल महतो | |
| १६ | सदस्य | श्री बलदेव यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | सदस्य | श्री संजय कुमार साह | |
| २१ | सदस्य | श्री बद्रीनारायण सरदार | |
| २२ | सदस्य | श्री चम्पा देवी खत्री | |

| | | | |
|---|---|---|---|
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |
| २४ | सदस्य | श्री बिना मण्डल | |
| २५ | सदस्य | श्री कमला सुब्बा | |
| २६ | सदस्य | श्री शुशिला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री राजेश भुजेल | |
| २९ | सदस्य | श्री गायत्री कुमारी दास | |
| ३० | सदस्य सचिव | श्री कुमारप्रसाद दाहाल | |

**निर्णय नं. १**

विराटनगर महानगरपालिकाले अवलम्बन गर्नुपर्ने निम्नानुसारको ऐन, कानुन, नियमावली, कार्यविधिहरु स्वीकृत गर्ने । साथै नगरसभामा अनुमोदनका लागि पेश गर्ने ।

क) आर्थिक ऐन २०७५।०७६ ।

ख) विनियोजन ऐन २०७५।०७६ ।

ग) निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण कार्यविधि नियमावली, २०७४ ।

घ) नगर कार्यपालिका कार्यविभाजन नियमावली, २०७४ ।

ङ) करारमा प्राविधिक कर्मचारी सम्बन्धी कार्यविधि, २०७५ ।

च) नगर कार्यपालिका कार्य विभाजन नियमावली, २०७४ ।

छ) नगर कार्यपालिका बैठक संचालन सम्बन्धी कार्यविधि, २०७४ ।

ज) नगर कार्यपालिका कार्य सम्पादन नियमावली, २०७५ ।

झ) आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानुन, २०७४ ।

ञ) स्थानीय तहको प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन, २०७५ ।

ट) न्यायिक समिति(कार्यविधि सम्बन्धी) ऐन, २०७४ ।

ठ) कर्मचारी व्यवस्थापन ऐन, २०७५ ।

ड) बजार अनुगमन निर्देशिका, २०७५

**निर्णय नं. २**

विराटनगर १५ स्थीत सुस्वागतम मार्गको नाममा विनियोजित रकम रु.५,००,०००।०० रामजानकी मन्दिर नजिकको पक्कीनाला निर्माणका लागि बजेट स्थानान्तरण गर्ने ।

**निर्णय नं. ३**

आ.व.२०७४।०७५ को वार्षिक बजेटको शिर्षक नं.८।०१।१ मा नगर क्षेत्रभित्र संचालित विद्यालयहरुलाई नमुना विद्यालय स्थापित गर्न रु.१,५०,००,०००।०० बिनियोजन भएकोमा सूचकको आधारमा मुल्यांकन गरी छनौट भएका निम्नानुसारका ५(पांच) विद्यालयहरुलाई रकम विनियोजन गर्ने ।

क) आदर्श माध्यमिक विद्यालय, विराटनगर ८

ख) पोखरीया मा.वि., विराटनगर ३

ग) मिल्स मा.वि., विराटनगर १६

घ) ताजुल इस्लाम आधारभुत विद्यालय, विराटनगर १३

ङ) लक्ष्मीनारायण वेद विद्या आश्रम, विराटनगर १२

**निर्णय नं. ४**

विराटनगर १८ स्थीत ऐतिहासिक विराट राजाको दरवार निर्माणकालागि डिपिआर तथा निर्माणका लागि उद्योगी श्री सुरेन्द्र गोल्छाको संयोजकत्वमा एक समिति गठन गर्ने । साथै संयोजकले महानगर प्रमुखसंग समन्वय गरी समितिलाई पुर्णता दिन अधिकार प्रत्यायोजन गर्ने ।

**निर्णय नं. ५**

विराटनगर महानगरपालिका नगर क्षेत्र भित्र प्राविधिक धारको कक्षा ९, १० संचालन भई आएका तपसिलका सामुदायिक विद्यालयमा प्राविधिक धारको कक्षा ११ संचालन गर्न अनुमति प्रदान गर्ने ।

क) श्री पोखरीया मा.वि., विराटनगर ३

ख) श्री सत्यनारायण मा.वि., विराटनगर ७

**निर्णय नं. ६**

विराटनगर महानगरपालिका वातावरण शाखा अन्तर्गत दैनिक ज्यालादारीमा कार्यरत माली रामबहादुर गौनम, बस टर्मिनल ठेक्का समयसीमा भित्र सम्पन्न गर्ने निर्माण व्यवसायी गौरीपार्वती निर्माण सेवा, उक्त परियोजना ईन्जिनियर अर्जन थापा र सबैभन्दा उत्कृष्ठ कर तिर्ने करदाता नेपाल आयल निगम लिमिटेड लाई सम्मान गर्ने ।

**निर्णय नं. ७**

विराटनगर महानगरपालिका, वडा नं. ३ वडा कार्यालयले चर्चेको तथा वडा कार्यालयदेखि उत्तर तर्फ बाटोसंग जोडिएको जग्गा समेत पार्किगं प्रयोजनका लागि स्थानीय शिव मन्दिर सामुदायिक केन्द्रको साधारण सभाले निर्णय गरी हस्तान्तरण गरिएको जग्गा स्वीकार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

विराटनगर महानगरपालिका वडा नं.१९ मा "महानगर आवास योजना" ह्याविटाट फर ह्युमानिटिज, जीवन विकास समाज, सहारा नेपालसमेतको सहयोगमा संचालन गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ९**

विराटनगर महानगरपालिकालाई खुल्ला दिशा मुक्त क्षेत्र घोषणा कार्यक्रम तथा वडास्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिद्वारा यु एन हेविटाटको आर्थिक प्राविधिक सहयोगमा समपुरक कोषवापत प्राप्त हुने रकम र महानगरबाट वडा नं. १,४,५,८,११,१२,१४,१५,१६,१७,१८ र १९ हरुलाई रु.५०,०००।०० का दरले समपुरक कोषमा रकम जम्मा गर्ने । साथै विपन्न तथा चर्पीको प्रयोग नगर्ने घरपरिवारका सदस्यहरुलाई खानेपानी तथा सरसफाई सचेतना तालिमको व्यवस्था गर्ने

**निर्णय नं. १०**

वार्षिक स्वीकृत वडास्तरीय योजना तथा कार्यक्रमहरुको प्राथमिकता फरक परी रकमान्तर तथा कार्यक्रम परिवर्तन गर्नुपरेमा वडासमितिको सिफारिसमा नगर प्रमुखले स्वीकृत गर्ने ।

**निर्णय नं. ११**

विराटनगर महानगरपालिकाको आ.व. २०७५।०७६ को वार्षिक बजेट, नीति तथा कार्यक्रम विषयगत समितिहरुबाट सिफारिस गरीएका निम्नानुसारको आर्थिक ऐन, विनियोजन ऐन, नीति, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने । साथै नगर सभाबाट स्वीकृतिकालागि पेश गर्ने ।

**निर्णय नं. १२**

विराटनगर महानगरपालिकाको तर्फबाट सिटिनेटको आयोजनामा मलेशियामा संचालन हुने नगर यातायात व्यवस्थापन सम्बन्धी गोष्ठीमा सहभागी हुन नगर प्रमुख श्री भीम पराजुली र विज्ञ समुह सदस्य योजना विद डा.सुमन कर्णलाई सहभागी गराउने । साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा आवश्यक समन्वयकालागि अनुरोध गर्ने ।